## निर्णयहरु :-

**निर्णय नं. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा वडा नं ११ मा सौर्य बत्ति जडानं सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गर्दा नगरपिता तथा नगर माताको उमेर एकिन गरी उक्त कार्यक्रमलाई यस आ.व.मा समेत निरन्तरता दिने साथै नगरमाता तथा नगरपितालाई नगरपालिकाको तर्फ बाट सम्मान स्वरुप मासिक रु.२०००।- का दरले भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा संघ /प्रदेश र दातृ संस्थाबाट नयाँ बजेट प्राप्त भएमा कोहलपुर -१३ देखि सल्यान घुइयाबारी जोडने बाटो निर्माण कार्यलाई प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा जय भवानी निर्माण सेवाले कभर्डहल निर्माण गर्दा विभिन्न मुद्धाहरु परी ढिलाईको कारण भएको क्षेतीपूर्ति माग गरेकोमा सार्बजनिक खरिद ऐन २०६४ बमोजिम कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ मा छलफल गर्दा फोहोर मैला व्यवस्थापनमा काम गरिरहेको संस्था मातृभुमी नेपाललाई अर्को व्यवस्था नभएसम्मका लागि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ मा छलफल गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७५ लाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ मा छलफल गर्दा तपशिलका सामाजिक परिचालकहरुलाई करार सम्झौता गरी निजहरुले पाउने सेवा सुविधामा एकरुपता दिने निर्णय गरियो ।

तपशिल:-

१ माया गुरुङ

२ बाल कुमारी भुषाल

३ पदमा रावल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ मा छलफल गर्दा नगर प्रहरी संचालन सम्बन्धी नियमावली, २०७४ सर्बसम्मत रुपमा संशोधन गरी १(एक) जना प्रहरी हवलदार र ४(चार) जना नगर प्रहरी जवानको विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ मा छलफल गर्दा तराई मधेश समृद्धि कार्यक्रमका लागि तपशिलका कार्यक्रमहरु लागत साझेदारीको आधारमा छनौट गर्ने निर्णय गरियो ।

तपशिलः

१. कोहलपुर न पा वडा नं. १३ भरैया देखि सिमरी जाने खोलामा पक्की पुल निर्माण गर्ने ।

२. गन्दर्व बस्ति/ चिडिमार/ वादी/ राजी तथा लोपोन्मुख जातीलाई एकिकृत सामुहिक आवासको व्यवस्था गर्ने ।

३. कोहलपुर न पा वडा नं. १५ चन्हवाबाट पश्चिम पेडारी नालामा पुल निर्माण गर्ने ।

४. वडा नं. ४ पुर्व पश्चिम महेन्द्र राजमार्ग गौरीडाँडा देखि सगरमाथा ज्ञानपुञ्ज जोडने बाटो कालोपत्रे गर्ने।

५. कोहलपुर साझा चैक पुर्व दिपिशखा स्कुल हुदै नगर विकास समितिको सिमाना सम्म जोडने बाटो कालोपत्रे गर्ने

६. कोहलपुर पर्यटन कार्यालयको पश्चिम प्रगितनगर हुदै रझेना थारुगाउँ सम्म जोडने बाटो कालोपत्रे गर्ने

**निर्णय नं. १०**

प्रस्ताव नं. १० मा छलफल गर्दा कोहलपुर नगरपालिका कार्यालय परिसर भित्र रहेको चमेना गृहको मासिक भाडा रु.५०००।-(पाँच हजार) कायम गरी प्रत्येक वर्ष १०% का दरले भाडा बृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ मा छलफल गर्दा कोहलपुर नगरपालिकामा बाल अस्पताल निर्माण आवश्यक रहेको र वडा नं. २ वडा समितिबाट अस्पतालको संरचना निर्माणको लागि कि.नं. ............... को जग्गा उपलब्ध गराउने निर्णय भएकोले अस्पताल निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ मा छलफल गर्दा कोहलपुर नगरपालिका स्थित आगलागि पीडित नवराज बुढालाई राहत स्वरुप रु.१०,०००(दस हजार) दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ मा छलफल गर्दा कोहलपुर नगरपालिका स्थित पर्यटन कार्यालय खारेज भएकोले उक्त कार्यालयले प्रयोग गरेको भवन नगरपालिकाको लागि आवश्यक पर्ने विषयगत शाखा कार्यालयहरु स्थापनाका लागि प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

०७९।०१।०२

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ मा छलफल गर्दा यस नगरपालिकामा गठन भएका विषयगत समितिहरुले हालसम्म गरेका कामकारवाही प्रति धन्यवाद ज्ञापन गर्दै स्थानीय सरकार सञ्चान ऐन, २०७४ र कार्य सम्पादन सम्बन्धी नियमावली, २०७४ बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ मा छलफल गर्दा थारु संग्रहालय निर्माणका लागि उपयुक्त जमिनको खोजि गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं.१६ मा छलफल गर्दा डुडुवा खोलाको तटबन्धन निर्माणको लागि भु तथा जलाधार व्यवस्थापन कार्यालय दाङ्गसँग समन्वय तथा साझेदारी गर्न पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

नं. १७ मा छलफल गर्दा यस नगरपालिकाको लेखा समिति गठनको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ मा छलफल गर्दा यस नगरपालिकाको आ.ब. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ह्युमपाईप खरिदको रु.२५०००००।– विनियोजन भएकोमा हाँल सम्म विभिन्न वडाहरुमा रु.११३४९८३।- बराबर रकमको ह्युमपाईप खरिद भै सकेकाले सो रकम भुक्तानी दिई बाँकि बचत भएको रकम रु.१३६५०१७।– बराबरको ह्युमपाईप शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद ह्युमपाईप प्राप्त नगरेका वडाहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

**भुक्तानी दिन बाँकी :**

क) बागेश्वरी ह्युमपाइप एण्ड पोल रु.२९२२१७/६२

ख) ग्रिन प्रिकाष्ट रु.४३२६६२/४५

ग) उप्रेती पोल एण्ड पाइप रु.४१०१०२/९९

८।२।०८।६२

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ मा छलफल गर्दा "घ" वर्गको निर्माण व्यवसायी ईजाजतको लागि प्राप्त भएका निवेदनहरु मध्ये रितपूर्वक तपसिलका फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत प्रमाण पत्र दिने निर्णय गरियो ।

**तपसिल** :

क) सुप्रभात निर्माण सेवा कोहलपुर - ५

ख) बि एच टि कन्सट्रक्सन कोहलपुर – १२

ग) पिस कन्सट्रक्सन एण्ड बिल्डर्स सेवा कोहलपुर – ११

घ) डि.एन. ट्रेड कन्सट्रक्सन कोहलपुर -२

ङ) जय भगवती कन्सट्रक्सन कोहलपुर -८

च) ऋषि कन्सट्रक्सन कोहलपुर - २

**निर्णय नं. २०**

प्रस्ताव नं.२० मा छलफल गर्दा कोहलपुर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम तर्फ पुर्वाधार विकासका योजनाहरुको प्राविधिक लागत स्टीमेट तयारी तथा सर्भेको डिजाईन काम गर्नका लागि नगरपालिकामा आवश्यक पर्ने प्राविधिकहरुको कमी भएकाले सोका लागि परामर्श सेवा खरिद गरी काम गर्ने निर्णय गरियो ।

०७५।०८।०२

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)